



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

तराई, पहाड, हिमाल
साक्षर बनाऔं नेपाल

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क १५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार २ गते बुधबार ❑ 16 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## गण्डकी प्रदेशको बजेट ३० अर्ब ३ करोड

**पोखरापत्र संवाददाता**
**पोखरा, १ असार**

नयाँ सरकार गठन भएको चौथो दिनमै गण्डकी प्रदेश सरकारले बजेट ल्याएको छ।

मंगलबार गण्डकी प्रदेश सभामा आउँदो आर्थिक बर्ष २०७८/०७९ को लागि प्रदेशका मुख्यमन्त्री एवं अर्थ मन्त्रालयको जिम्मा समेत सम्हालेका कृष्णचन्द्र नेपाली पोखरेलले बजेट प्रस्तुतः गरेका हुन्। आउदो बर्षको लागि ३० अर्ब ३ करोड ९४ लाख २७ हजार को बजेट उनले प्रस्तुतः गरेका हुन्। उक्त बजेट चालु आर्थिक बर्ष २०७६/०७७ को भन्दा १३ प्रतिशत अर्थात ४ अर्ब ८१ करोड रुपैया कमको बजेट हो।



उक्त बजेट चालुतर्फ ४३.५ प्रतिशत ले १३ अर्ब ६ करोड ४७ लाख ९४ हजार र पुँजिगततर्फ भने ५५.७ प्रतिशत अर्थात १६ अर्ब ७३ करोड ४६ लाख ३३ हजार विनियोजन गरिएको मुख्यमन्त्रीले बताए । त्यसै गरी वित्तीय व्यवस्थातर्फ २४ करोड (०.८ प्रतिशत) रहेको छ। आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान ७ अर्ब ४२ करोड २८ लाख, सशर्त अनुदान ४ अर्ब १८ करोड ४३ लाख, समपूरक अनुदान ८७ करोड ३६ लाख, विशेष अनुदान ५४ करोड ९० लाख रहेको पोखरेलले जनाए। त्यस्तै राजस्व बाँडफाँटबाट प्राप्त हुने ७ अर्ब ६२ करोड ७० लाख, रोयल्टी वापत प्राप्त हुने ३० करोड, आन्तरिक राजस्वबाट प्राप्त हुने ४ अर्ब ९८ करोड २७ लाख २७ हजार व्यहोर्दा ४ अर्ब १० करोड न्यून हुने उनले जनाए। न्यून बजेट पूर्ति गर्न चालु आर्थिक वर्षको असार मसान्तसम्म खर्च भई बाँकी रहने अनुमानित नगद मौज्दात २ अर्ब १० करोड उपयोग गर्ने नगद मौज्दात उपयोग गर्दा पनि अपुग हुने खुद २ अर्ब मध्ये आन्तरिक ऋणबाट १ अर्ब र नेपाल सरकारसँगको ऋणबाट १ अर्ब व्यहोरिने योजना रहेको मुख्यमन्त्री पोखरेलले बताए।

आर्थिक बर्ष २०७७/०७८ मा ३४ अर्ब ८४ करोड २१ लाख ६० हजारको बजेट प्रस्तुतः भएको थियो । चालु तर्फ १४ अर्ब ३४ करोड २६ लाख ८४ हजार, पुंजिगत तर्फ १९ अर्ब ९९ करोड ९४ लाख ७६ हजार र वित्तिय व्याबस्थापन तर्फ ५० करोड रुपैया विनियोजन गरिएको थियो। उक्त बजेट अघिल्लो आर्थिक बर्षको तुलनामा करिब ८ प्रतिशतले बढी थियो । आफुहरुले यसपाली कम ऋणभार हुने गरी सन्तुलित ढंगले बजेट ल्याउदा अघिल्ला बर्षको तुलनामा बजेटको आकारमा थोरै घट्न गएको प्रदेशका विना विभागिय मन्त्री हरिशरण आचार्यले बताए।

चालु आर्थिक वर्षको १० महिनाको मन्त्रालयगत प्रगतिको विवरण हेर्दा वैशाख मसान्तसम्मको अवधिमा ३७.७६ प्रतिशत बजेट खर्च भएको मुख्यमन्त्रीले प्रस्तुत गरेको बजेट वक्तव्यमा उल्लेख छ। जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २२.७६ प्रतिशतले बढी हो । कुल खर्च मध्ये चालुतर्फ ५२.८० प्रतिशत र पुँजीगततर्फ ७०.४६ प्रतिशत रहेको छ । स्रोत व्यवस्थापन तर्फ चालु आर्थिक वर्षको वैशाख मसान्तसम्मको अवधिमा ६८.१८ प्रतिशत लक्ष्य प्राप्त हुन आएको मुख्यमन्त्री पोखरेलले बताए।

प्रदेशका सबै नागरिकलाई कोरोना विरुद्धको खोप सुनिश्चित गर्न खोप खरिदको लागि आवश्यक बजेटको व्यवस्था गरिएको मुख्यमन्त्री पोखरेलले प्रस्तुत गरेको बजेट वक्तव्यमा उल्लेख गरिएको छ। त्यसै गरी कोरोना महामारीका कारण अभिभावकगुमाएकाबालबालिकालाई सामाजिक सुरक्षा वापत मासिक ५ हजारका दरले राहत उपलब्ध गराउने व्यवस्था मिलाएको बताएका उनले कोरोनाका कारण मृत्यु भएका व्यक्तिहरूका परिवारका लागि ५० हजार आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था मिलाएको जनाए।

नेपाल सरकारसँगको सहकार्यमा सबै जिल्ला अस्पताललाई २५ देखि ५० शैया र धौलागिरी अस्पताललाई २ सय शैयाको जनरल अस्पतालमा स्तरोन्नति गर्ने, प्रदेश सरकारको स्रोतबाट सबै जिल्ला अस्पतालमा २ देखि ५ शैयाको सघन उपचार कक्ष निर्माण कार्य सम्पन्न गराउन आवश्यक बजेट विनियोजन गर्दै ५० शैया भएका अस्पतालमा आँखा उपचार सेवा, मृगौला पीडित विरामीका लागि डायलाइसिस सेवा र ज्येष्ठ नागरिक उपचार वार्ड सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिएको उनले जनाए । मुख्य राजमार्ग पर्ने नवलपूरको मध्यविन्दु अस्पताल, तनहुँको दमौली अस्पताल, बाग्लुङको धौलागिरी अस्पताल र स्याङ्जाको भीरकोट नगर अस्पताललाई ट्रमा सेन्टरको रुपमा स्तरोन्नती गर्न आवश्यक बजेटको व्यवस्था गरी स्थानीय तहसँगको समन्वय र सहकार्यमा गोरखा जिल्लाको आँपपिपल अस्पताललाई ५० शैयाको अस्पताल बनाउन प्रकृया अगाडि बढाउने मुख्यमन्त्रीले प्रस्तुत गरेको बजेट वक्तव्यमा उल्लेख छ। त्यस्तै गण्डकी विश्वविद्यालयमा ३५० शैयाको जनरल, ५० शैयाको मुटु रोग, ५० शैयाको अर्बुद रोग, ५० शैयाको मृगौला रोग सहित ५०० शैयाको शिक्षण अस्पताल स्थापनाको लागि बिस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ । त्यसै गरी अपाङ्गता भएका व्यक्ति, असहाय, अशक्त, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक र विपन्न वर्गको उपचार सुविधालाई निरन्तरता दिने व्यवस्था मिलाएको छु । क्यान्सर, मुटु, मृगौला, सिकलसेल एनिमिया, स्पाइनल इन्जुरी, पार्किन्सन, अल्जाइमर र हेड इन्जुरी जस्ता रोगबाट पीडित अति गरिब विरामीलाई उपचारको लागि आर्थिक सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिदैं यस्ता रोगबाट पीडित बिरामीहरूलाई दोहोरो नपर्ने गरी औषधि उपचारको लागि मासिक ४ हजारका दरले सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ। प्रदेश मातहतका अस्पतालहरूबाट ६५ वर्ष माथिका ज्येष्ठ नागरिकहरूलाई निशुल्क स्वास्थ्य उपचार सुविधा, प्रदेशका नागरिकहरूलाई आधार भूत स्वास्थ्य सेवा सुनिश्चित गर्न 'स्वास्थ्य बीमाः सरकारको जिम्मा' कार्यक्रम सञ्चालन गर्ने व्यवस्था, स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रदेश

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मनाङका ३०० लाई सुरक्षित ठाउँमा सारियो, नारायणीले खतराको तह नाघ्यो

**रासस**
**काठमाडौं, १ असार**

मनसुन भित्रिएको चौथो दिनमा भारी वर्षासँगै मुलुकका विभिन्न क्षेत्रमा आएको बाढी र पहिरोका कारण ठाउँठाउँको जनजिवन प्रभावित भएका छ।

मुख्यगरी गण्डकी र लुम्बिनी प्रदेशमा बढी असर गरेको छ। सोही प्रदेशका विभिन्न पहाडी जिल्लामा भारी वर्षा हुँदा मुख्य नदी र सहायक नदीमा अप्रत्याशित रुपमा बाढी आएको छ । अन्य केही प्रदेशका सीमित क्षेत्रमा प्रभाव छ।

केही जिल्लामा मानिसको मृत्यु भएको छ भने जोखिम क्षेत्रका मानिसलाई सुरक्षित ठाउँमा सारिएको छ। बाजुरामा बाढीले बगाएर दुईको मृत्यु भएको छ भने गोरखामा एक जना वेपत्ता भएको जानकारी आएको गृह मन्त्रालयले जनाएको छ । मनाङको चामे बजार र तालगाउँमा बाढीले झण्डै एक दर्जन घरमा क्षति पुगेको छ। त्यस्तै दर्जनौं घर डुवानमा भएको र सो क्षेत्रमा जोखिममा रहेका गरी तीन सय बढी मानिसलाई सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको गृह मन्त्रालयको राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्रका प्रमुख दिलकुमार तामाङले जानकारी दिए । उनका अनुसार मंगलबार सम्भव नभएपछि बाढी पहिरोबाट प्रभावित भएकालाई बुधबार हेलिकप्टरमार्फत राहत लैजाने तयारी गरिएको छ। पछिल्लो चौविस घण्टामा चितवन, नवलपुर, पश्चिम नवलपरासी, रुपन्देही, पाल्पा कास्की, म्याग्दीलगायत आसपासका जिल्लामा भारी बर्षा भएको अभिलेख छ। जल तथा मौसम विज्ञान विभागले प्रदेश २, वाग्मती, गण्डकी, लुम्बिनी तथा कर्णाली प्रदेशका केही स्थानमा भारी वर्षा हुने अनुमान सार्वजनिक गरिसकेको छ । मुख्यगरी मंगलबार नारायणी, कालीगण्डकी, भेरी, र यसका सहायक नदी, पूर्वी राप्ती, पश्चिम राप्ती, तिनाउ, बबईका सहायक नदी र जलाधार क्षेत्रमा बहाब बढेको छ। वर्षाका कारण लम्जुङ कास्की, पर्वत, गोरखा, बाग्लुङ, म्याग्दी, तनहुँ, स्याङ्जा, नवलपुर, चितवन, परासी, पाल्पा, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, प्यूठान, दाङ, बाँके, बर्दिया, रुकुम, कञ्चनपुर, कैलाली, डडेलधुरा, डोटी, अछाम, बाजुरा, बझाङ, दार्चुला, मुस्ताङमा प्रभाव पारेको छ। बाढीले ठाउँठाउँका सडक भत्किएर क्षति पुर्याएको छ। कतिपय ठाउँ डुवानमा परेका छन् । केही भौतिक संरचनामा क्षति पुगेको जनाइएको छ।

यसपाली सरदर भन्दा बढी नै पानी पर्ने आंकलन गरिएकाले पनि बाढी पहिरोको जोखिम विगतको भन्दा बढी नै छ। प्राधिकरणले बाढी पहिरोबाट १८ लाख बढी मानिस प्रभावित हुने अनुमान सार्वजनिक गरिरकेको छ । सोही अनुसार विपद् प्रतिकार्य योजना बनाइ लागू गरिएको प्राधिकरणका प्रमुख अनिल पोखरेल बताउछन्।

हाल भारतको झारखण्डमा रहेको न्युन चापीय क्षेत्र र मनसुन न्युन चापीय प्रभावका कारण नेपालमा मनसुन सक्रिय रहेको छ। वर्षाले बेनी-जोमसोम सडकमा क्षति पुगेको छ । मनाङको चामे गाउँपालिकाका विभिन खोलामा बाढी आएको छ। अविरल वर्षाले उद्धारमा कठिनाई भइरहेको जनाइएको छ।

जिल्लाको हुलाक कार्यालय सेर्पुखोला जलविद्युत आयोजना र आमा समुहको भवनमा क्षति भएको जनाइएको छ । बाजुराका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीका अनुसार जिल्लामा बुढीगङ्गा र बुढीनन्दा नगरपालिकामा बाढीले बगाएर दुई जनाको मृत्यु भएको छ। सदरमुकाम जोड्ने सडक हिजोदेखि नै अबरुद्ध छ। बुढीनन्दा नगरपालिकामा पहिरोले एक घर भत्काएको जानकारी प्राप्त भएको उनले जानकारी दिए । गोरखाका प्रजिअ शालिग्राम शर्माले बाढीले बगाएर एक वेपत्ता भएको जानकारी दिए । यसै गरी नारायणी नदीले मंगलबार साँझ ६ बजेबाट खतराको तह पार गरेको छ। उक्त नदीको जलाधार क्षेत्रमा आज मध्यान्ह १२ बजे भारी वर्षा भएको थियो । नदीको जल सहत नौ मिटर नाघेपछि खतराको तह पार गरेको मानिन्छ । नारायणी नदीको देवघाटस्थित जलमापन केन्द्रका अनुसार अपरान्ह् २:३० मा जल सतहले सतर्कता तह पार गरेको थियो । अहिले पनि बहाब बढ्दो क्रममा रहेको बाढी पूर्वानुमान महाशाखा काठमाडौंले जनाएको छ। चितवन र नवलपरासीको नदी तटीय क्षेत्रका वासिन्दालाई बुधबारसम्म सतर्क रहन भनिएको छ।

## बाढी पहिरोले मादीको सुपर मादी हाइड्रोपावरमा क्षति

**पोखरापत्र संवाददाता**
**पोखरा, १ असार**

गएरातिदेखि अविरल रुपमा परेको पानीले गर्दा कास्कीको मादी गाउँपालिका ४ मा निर्माण हुदै गरेको सुपर मादी हाइड्रोपावरमा क्षति पुगेको छ।

बर्षादका कारण मादी नदीमा लेदो सहितको ठुलो बाढी एवं पहिरो आउदा सुपर मादीमा क्षति पुगेको सुपर मादी हाइड्रोका कार्यकारी अध्यक्ष पुष्पज्योति ढुंगानाले बताए । करिब १८ बर्ष पछि पहिलो पटक ठुलो बाढी आउदा सुपर मादी हाइड्रापावरमा क्षति भएसंगै मादी नदीका छेउछाउका बस्ती समेत जोखिममा परेको उनले जनाए। आफुहरुको पहिलो प्रथामिकता भने मानव बस्ती बचाउने तफै हाल केन्द्रित भएको ढुंगानाले बताए। पूर्व सावधानि अपनाएको कारण हालसम्म मानविय क्षेती भने नभएको उनले जनाए । उनले भने "हिजो सोमबार राति देखि अविरल रुपमा आज मंगलबार दिन भरी पानी परी रहेको छ, अहिले तपाईसंग कुराकानी गर्दै पनि पानीको कुनै वाहव घटेको छैन, हाम्रो शत्ति हाल मानव सुरक्षामै केन्द्रित भएका छौं।" अन्नपूर्णर्न २ र लमजुङ हिमाल देखि आएको बाढी पहिरोले हाइड्रोपावरमा रहेका २ वटा स्का भेटर, एउटा टिप्पर, एउटा क्रसर मेसिन, एउटा ट्रासफर्मर, ढुंगा गिटी र वालुवा तथा रड लगायतका निर्माण सामाग्री बगाएको ढुंगानाले हामीलाई बताए। माथिबाट लेदो सहित पानीको ठुलो वाहव निरन्तर आएकोले विभिन्न ठाँउमा पहिरो गएको हुन सक्ने उनले जनाए । प्रारम्भिक अध्ययन अनुसार हालसम्म बाढीको कारण करिब २० करोड मुल्य बराबरको क्षेति पुगेको उनले दाबी गरे । उक्त हाइड्रोपावरको फाउण्डेसनको करिब ८० निर्माण कार्य सकिएको बताएका उनले यस बर्षको बाढीले केही असर पुराएकोले निर्माण कार्यमा केही ढिलाई हुने आशंका व्यक्त गरे । ४४ मेगावाट क्षमताको सुपर मादीमा ७ अर्ब ५० करोड लगानी हुदै छ।

## बैदेशिक रोजगार ब्यवस्थीत गर्न स्थानीयतहलाई जिम्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, १ असार**

बैदेशिक रोजगारीबारे सचेतना गर्ने जिम्मा स्थानीयतहको नै भएको एक कार्यक्रममा बक्ताहरुले बताएका छन्।

उनीहरुले मुलुक संघिय सम्रचनामा गए पछि स्थानिय स्तरमा हुने समस्याहरुको समाधान प्रत्येक गाउपालिका महानगरपालिका र नगरपालिकाका वडाहरुले नै गर्नुपर्ने बताए । पिपुलपोरमले आयोजना गरेको राष्ट्रिय स्तरको जुम अन्तरक्रिया कार्यक्रममा सो कुरा ब्यक्त गरेका हुन्।

पिपुलपोरमका पूर्व सल्लाहकार अधिबक्ता सोम लुईटेलले बैदेशिक रोजगारीमा जानेहरुको समसया बिकराल बन्दै गएको कारण समस्याको समाधान स्थानिय तहबाटै खोजिहुनुपर्ने बताए। उनले सरकारले सुरक्षित आप्रवासनका लागि बिभिन्न कार्यक्रमहरु ल्याए पनि पीडा र पीडितको संख्यामा कमि नआएको बताए । राज्यले आफ्ना नागरिकलाई बैदेशिक रोजगारीमा नजाउ भन्न सक्दैन। यो महामारीका बेला अर्थतन्त्रमा ठूलो सघाउ पुऱ्याएको रेमिट्यान्स नै हो। कार्यपत्र प्रस्तुत गर्दै प्रधानमंत्री रोजकार कार्यक्रमका सचिव केशव सुबेदीले बैदेशिक रोजगारीमा जानेहरुलाई ब्यवस्थीत र मर्यार्दित बनाउन स्थानिय सरकारले चासो र पहल गर्नुपर्ने बताए। उनले स्थानिय सरकारलाई कसरी र के कस्ता कार्यक्रम गर्ने बारे खाका समेत प्रस्तुत गरे। बैदेशिक रोजगारीमा जानेहरुलाई ठगिनबाट सचेतना कार्यक्रम गर्नुपर्ने। बैदेशिक रोजगारीमा जानु अघि सीप र तालिम प्रदान गर्नुपर्ने, जनचेतनाका लागि संचारमाध्यमको प्रयोग गर्नुपर्ने बताए।

त्यसैगरी बैदेशिक रोजगारीबाट आर्जित रकम तथा सीप क्षमता, दक्षताको सदुपयोगका लागि बित्तिय साक्षरता कार्यक्रम गर्नुपर्ने बताए। उनले औपचारिक माध्यमबाट रेमिटान्स भित्र्याउनेहरुलाइ सम्मान कार्यक्रम र मनोबैज्ञानिक परामर्श दिनुपर्ने बताए। अन्यायमा परेकालाई न्याय प्राप्तीका लागि सहजीकरण गनुपर्ने बताए। त्यसैगरी सरकारले बैदेशिक रोजगारीमा जानेहरुको संख्या कम गर्न, शैक्षिक ऋणको ब्यवस्था गरेकोले कार्यान्वयनमा जोड दिनुपर्ने बताए । पिपुलफोरमका उपाध्यक्ष अधिबक्ता कृष्ण न्यौपानेले पिपुलफोरमले बैदेशिक रोजगारीमा देखिएको समस्यालाई कम गर्न नितिगत र पीडितमुखी कानुन् बनाउन जोडदिएको बताए।

पिपुलफोरका अधिबक्ता सन्जु खनालले पिपुलफोरमले कानुनी सहायता, सचेतना र निति निमार्ण तहमा काम गर्दै आएको बताइन। सो कार्यक्रममा गाउपालिका अध्यक्ष तथा नगरपालिकाका मेयरहरु लगायत बिभिन्न संधसंस्था र पत्रकार समेतको उपस्थिति रहेको थियो। अन्तक्रियामा पत्रकार दुर्गा भण्डारी, दिनेश रेग्मी, अधिबक्ता भुवन पराजुली, नरनाथ लुइटेल जिवन श्रेष्ठ, सिता शर्मा लगायतका बत्ताहरुले सूचना संयन्त्रलाई प्रभावकारी बनाउनु पर्ने, सुचना बैंकको ब्यवस्था, बैदेशिक रोजगारीका नाममा महिलामाथी हुने गरेको अन्तरदेशिय अपराध नियन्त्रण गर्नुपर्ने सुझाव दिएका थिए। सो अवसरमा सहभागीहरुले स्थानिय सरकार आए पछि बैदेशिक रोजगारीको समस्यालाई दिगो रुपमा सम्बोधन गर्न सचेतनाका कार्यक्रमहरु वडा सम्म पुऱ्याउनु पर्नेमा जोड दिए।

पिपुल्स फोरमले बिगत देखि नै बैदेशि रोजगार पीडितका लागि निशुल्क कानुनी साहायता मार्फत २१ हजार ३ सय ३६ जनालाई सेवा प्रदान गर्दै आएको छ।

साथै देश भरीका बैदेशिक रोजगार पीडित र उनिहरुको परिवारलाई ८० करोड ६९लाख ३३ हजार ८ सय ८० रुपैया बरावरको क्ष्यतिपूर्तिको निर्णय गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।




# द आर्ट अफ लिभिङ गण्डकीद्वारा अत्यावश्यक स्वास्थ्य उपकरण हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, १ असार

द आर्ट अफ लिभिङ गण्डकीले आज लेखनाथ स्थित संक्रामक तथा सरुवा रोग अस्पताललाई कोभिड- १९ उपचारका लागि अत्यावश्यक स्वास्थ्य उपकरण सहित अन्य स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ।

संस्थाका गण्डकी प्रदेश प्रमुख नरेश भट्टराईले सामाजिक उत्तरदायित्व वहन गर्दै अक्सिजन कन्सन्ट्रेटर ५ थान, अक्सिजन सिलिण्डर १५ थान, पल्स अक्सिमिटर ५ र अन्य स्वास्थ्य सामग्री सहित एउटा कम्प्यूटर हस्तान्तरण गरिएको जानकारी दिनुभयो । पोखरा महानगर पालिकाका प्रमुख मानबहादुर जिसीले अस्तपालका कार्यकारी निर्देशक डा. विकास गौचनलाई हस्तान्तरण गर्नुभएको हो । प्रमुख जिसीले महामारीको समयमा हातेमालो गर्दै सहयोगमा जुट्नु निकै सकारात्मक भएको जनाउँदै वितरण गरिएको सामान के कसरी प्रयोग भएका छन् त्यसको



अनुगमन गर्न पनि आग्रह गर्नुभयो। उहाँले राज्यले स्वास्थ्य र शिक्षामा पर्याप्त लगानी गरेपनि त्यसको नतिजा सन्तोषजनक हुन नसकेको जनाउँदै प्रभावकारी संयन्त्र मार्फत् यसको अनुगमन गर्नुपर्नेमा धारणा राख्नुभयो। डा. गौचनले सरकारी अस्पतालको उपचार पद्धति र सेवा प्रति आम नागरिकलाई विश्वस्त बनाउन आवश्यक स्वास्थ्य उपकरण र दक्ष जनशक्तिको सुनिश्चिता आवश्यक रहेको औल्याउनु भयो। उहाँले विभिन्न सामाजिक संघसंस्थाको साथ र सहयोगले अहिले अस्पतामा अत्यावश्यक उपकरणहरु व्यवस्था हुँदै गएको यसले नागरिकको ज्यान बचाउन थप सहयोग हुने धारणा राख्नुभयो।

आर्ट अफ लिभिङका प्रशिक्षक संयोजक महेश्वर गिरीले विश्वको एक सय ६० भन्दा बढी मुलुकमा योग र ध्यानका साधनाबाट स्वथ्य समाजको निर्माणका लागि परेको जानकारी दिनुभयो । संस्थाका पोखरा संयोजक विश्वमोहन अधिकारीले सामाजिक उत्तरदायित्व र मानवीय सेवामा संस्था निरन्तर सक्रिय रहेको जनाउँदै आगामि यस्ता मानवीय सेवाको गतिविधीलाई निरन्तरता दिदै जाने बताउनुभयो।

# जनप्रिय क्याम्पसले आयोजना गर्‍यो कोभिड १९ विषयमा सेमिनार

पोखरापत्र संवाददाता
पोखरा, १ असार

पोखराको जनप्रिय बहुमुखी क्याम्पस माइक्रोवायोलोजी विभागले ‘कोभिड १९ भाइरसले हाम्रा शरीरका अङ्गहरूलाई कसरी खराब बनाई मृत्यसम्म पुऱ्याउँछ’ भन्ने विषयमा भर्चुअल सेमिनारमा सम्पन्न गरेको छ।

कोरोना सङ्क्रमितको मृत्युको मुख्य कारण अत्याधिक ‘साइटोकिन स्ट्रोमले मल्टिपल अर्गान फेलियर’ हुनु नै हो। नेपालमा हाल कोभिड १९ को दोस्रो लहरले विशेषतः युवा वर्गहरूको मृत्युले आम नागरिकलाई हतास बनाएको छ।

अन्तरक्रिया कार्यक्रममा चीनमा कार्यरत भाइरोलोजिष्ट डा. कुलराज राईले कार्यपत्र प्रस्तुति गरेका थिए भने नेपाली विज्ञहरूको टिप्पणी गरेका थिए । केही समय अगाडि नेपालमा पनि अक्सिजनको हाहाकार फैलिएर कोभिडका गम्भीर बिरामीहरूले अक्सिजन नपाएर मृत्यु शैयूयामा पुगेका खबरहरू आए । अध्ययनबाट थाहा भएको छ हाम्रो शरीरमा अक्सिजनको मात्रा घटबढ गर्ने तत्व साइटोकिन्स आँधी रहेछ। साइटोकिन आँधीका बारेमा डा. कुलराज राईको सैद्धान्तिक व्याख्या दिएका थिए। डा. राईका अनुसार जब कोरोना भाइरस हाम्रो शरीरमा प्रवेश गरी सङ्क्रमण गर्दछ, भाइरसको स्पाइक प्रोटिन हाम्रो शरीरको कोषिकामा भएका एसइसी २ टाँसिन्छ। यो एसइसी २ र भाइरस स्पाइक प्रोटिनको बन्धनले भाइरसलाई हाम्रो कोषिकामा आन्तरिकण गर्दछ। अब भाइरस हाम्रो शरीरको कोषिकामा वृद्धि हुन्छ। आफ्ना धारणा राख्दै डा. राईले थप प्रकाश पार्दै भने भाइरस वृद्धि हुने क्रममा भाइरसमा भएका प्रोटिन, आरएनएएसहरू हाम्रो जन्मबाट प्राप्त प्रतिरक्षा प्रणालीका अणुहरूले बाहिरी अणु हो भन्ने थाहा पाउँदछ। त्यसैले यसले हाम्रो शरीरमा भएको प्रतिरक्षा प्रणालीलाई सक्रिय बनाउँछ । हाम्रो कोषिकाले विभिन्न किसिमका साइटोकिन्सहरू उत्पादन गर्दछ । वास्तवमा सन्तुलित साइकोटिनसको उत्पादनले भाइरसलाई निस्क्रिय गर्न मद्दत गर्दछ । तर अत्याधिक साइटोकिनको उत्पादनले उल्टो हाम्रो शरीरलाई वेफाइदा गर्छ। कोभिड १९ को सिरियस बिरामीहरूमा अत्याधिक साइटोकिनहरूको उत्पादन भएको अध्ययनहरूले देखाएका छन्।

कोभिड १९ का गम्भीर बिरामीहरूको विशेषता भनेकै अत्याधिक वा कम साइटोकिन्स उत्पादन हुनु हो। विशेषत अत्याधिक साइटोकिन्सहरू उत्पादित हुन्छन्। जसले हाम्रो फोक्सो, कलेजो, मुटु, मृगौला जस्ता अङगहरूलाई खराब पारिदिन्छ जसका कारण व्यक्तिको मृत्युसम्म हुन सक्दछ । नेपालमा अहिलेसम्म साइटोकिन्स आँधीको बारेमा अध्ययन गरिएको छैन्। वास्तवमा कुन साइटोकिन कति मात्रामा उत्पादित भयो भन्ने मापन गर्ने हो भने त्यो साइटोकिनलाई ध्यानमा राखे विरामी बचाउन सकिन्छ। जस्तो आइएल ६ नै सबैभन्दा बढी मात्रामा उत्पादित भएको पाइयो भने त्यसलाई न्युट्रलाइज गर्ने मनोक्लोनल एण्टिबडी प्रयोग गर्न सकिन्छ । अन्तरक्रिया कार्यक्रममा डा.बसन्त गेलालद्वारा उठान गरिएको साइटोकिन मापन सम्बन्धी कुरामा डा. कुलराज राईले यो नेपालमा सम्भव भएको जानकारी दिनुभयो । कार्यक्रमको उद्धेश्यमाथि प्रकाश पार्दै सहजकर्ता जनप्रिय बहुमुखी क्याम्पस माइक्रोबायोलोजी विभागका डा. सुवास अधिकारीले कोभिडको महामारीमा नेपाली वैज्ञानिकहरू विभिन्न मुलुकमा अनुसन्धान गरिरहेका छन्, हामीले किन नेपाली वैज्ञानिकहरूलाई प्लेटफर्म नदिने, उनीहरूको ज्ञानलाई अनुशरण गर्नका लागि नेपाली विज्ञबाटै प्रस्तुति गराइएको बताए। कार्यक्रमका प्रमुख अतिथि जनप्रिय बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख सहप्राध्यापक बिरञ्जी गौतमले नेपालमा माइक्रोबायोलोजीको धेरै महत्व रहेको र अहिलेको महामारीमा सरकारले नीति बनाएर माइक्रोवायोलोजी विज्ञहरूलाई भरपुरप्रयोगगर्नुपर्नेमा जोड दिए। जनप्रिय क्याम्पसले बजारलाई चाहिने दक्ष जनशक्ति उत्पादनमा योगदान होस् भन्ने हेतुले विएस्सी माइक्रोवायोलोजीको अध्ययन सञ्चालन गरेको जनाए।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभाग कीर्तिपुरका सह प्राध्यापक डा. मेघराज बञ्जराले कार्यक्रमको समीक्षा गर्दै ‘अहिलेको महामारीमा यो वहसले धेरै फलदायी भूमिका खेलेको छ, माइक्रोबायोलोजीकोयस्तोअनुसन्धानमा निकै महत्व रहने हुँदा डा. सुवास अधिकारीले सुरु गरेको कामको प्रशंसा गर्नुपर्छ’ भने।

अन्तरक्रिया कार्यक्रमको अध्यक्षता गर्दै जनप्रिय रिसर्च एण्ड कन्सलूटेन्सीका प्रमुख प्रा.डा. विकास कुमार के.सी.ले नेपालमा माइक्रोवायोलोजीको महत्व सरकारले नबुझेर नै यो समस्या आएको हो बताए । नेपालका माइक्रोवायोलोजिस्टहरू चीनमा वैज्ञानिक भएर काम गर्नु नेपालको गौरब हो। प्रा.डा. के.सी.ले आफ्ना प्रतिभालाई मुलुकले समयमै चिनेर उपयोग गर्न जोड दिनु पर्ने बताए।

कार्यक्रमले देश विदेशमा रहेका नेपाली वैज्ञानिकहरूलाई उचित व्यवस्थापन गरी सरकारले तत्कालै दीर्घकालीन योजना बनाउन जरुरी देखिन्छ जसले आगामी दिनका महामारी र विपत्तिमा लड्न नेपाली विज्ञहरू सक्षम छन् भन्ने सिकाइ र सन्देश दिएको छ।


## Embassy of India Kathmandu (Nepal)

### Vacancy : ECHS

1. Ex-servicemen Contributory Health Scheme (ECHS) is a medical scheme launched by Govt of India to provide free medical treatment to the ex-servicemen pensioners and their dependents of Indian Armed Forces. Application are invited for the following posts. Employment will be on contractual basis without any pensionary benefits.

| S. N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1 | Peon | ECHS Polyclinic Pokhra |

2. Last date for submission of application for the above mentioned vacancy is **28 June 2021**. For terms & conditions and other details, kindly see our website: www.indembkathmandu.gov.in

3. Application alongwith copy of Nagrikata Praman Patra (NPP) and copies of relevant certificates may be sent at the following address.

**Pokhara**
Officer-in-Charge
ECHS Policlinic
Embassy of India
Pensions Paying Office
Pokhara (Nepal)
Tele No - 061-430232
061-431477


# बिपन्न वर्गको सहारा बन्दै खुमा फाउण्डेसन

श्रीकृष्ण सिग्देल
स्याङ्जा, १ असार

कोरोना संक्रमणले देश आक्रान्त अवस्थामा रहेको छ । संक्रमणलाई न्युनिकरण गर्न नेपाल सरकार र स्थानीय सरकारले गरेको निषेधाज्ञाको डेढ महिना पुगेको छ।

यो स्वास्थ्य संकटका बेला सामाजिक संघसंस्था र विपद्मा सहयोग गर्ने मनकारीहरु सबै स्वास्थ्य सामाग्री वितरणमा व्यस्त रहेका छन् । यो समयमा विपन्न वर्ग र दैनिक मजदुरी गरेर खाने वर्गको कसैले खासै चासो दिएको पाईदैन । तर समाजको शिक्षा, स्वास्थ्य, खानेपानी, खेलकुद लगायतमा आर्थिक, भौतिक र सामाजिक सेवा गर्दै आएको खुमा अर्याल फाउण्डेसन भने यो विपद्मा छुँ रचनात्मक काम गरेको छ । दैनिक मजदुरी गरेर खाने वर्गका लागि यो निषेधाज्ञाले खाद्यन्नको अभाव भएको खबर पाएपछि त्यस्ता बस्तीमा पुगेर खाद्यन्न वितरण गरेको छ। स्याङ्जाको वालिङ नगरपालिका १ मा रहेको माझी बस्तीमा फाउण्डेसनले खाद्यन्न सामाग्री वितरण गरेको हो। जिल्लामा संक्रमितको संख्या बढ्दै जादा प्रशासनले निषेधाज्ञा थप गर्दै जादा दैनिक मजदुरी गरेर खाने वर्ग निकै खाद्यन्नको चपेटामा परेको खबर पाएपछि हामीले एक महिना



पुग्ने चामल, नुन, तेल लगायत खाद्यन्न सामाग्री सहयोग गरेको फाउण्डेसनका संरक्षक डाक्टर लुना अर्यालले बताइन् । जिल्लाको समग्र विकासमा फाउण्डेसनको सहयोग रहने बताउदै डा.अर्यालले पहिलो कोभिड र दोस्रो कोभिड संक्रमणमा हरेक स्वास्थ्य चौकी देखि अस्पतालमा कोभिड उपयोगी स्वास्थ्य सामाग्री सहयोग गर्दै आएको बताइन्। कमाउने मात्रै ठुलो कुरा नभएको भन्दै उनले दिनदुखीको सहयोगमा साथ दिनु नै सामाजिक उत्तरदायीत्व हो भन्ने फाउण्डेसनको उदेश्य रहेको डा.अर्यालको भनाई छ । बेसाहारका लागि सहारा भन्ने ध्येय रहेको उल्लेख गर्दै डा.अर्यालले स्वास्थ्य उपचारमा कठिनाई भएमा पनि सहयोग गर्ने प्रतिवद्धता गरिन्।

फाउन्डेसनको सहयोगमा १५ घरका माझी समुदायलाइ खाद्यन्न सामाग्री वितरण गरिएको वालिङ नगरपालिकाका नगर प्रवक्ता तथा वडा अध्यक्ष केदार काफ्लेले बताए। फाउण्डेसनले माझी समुदायलाई खाद्यन्न सहयोग गरी उनीहरुको दैनिकीमा खाद्यन्नको अभाव हुन नदिने गरी गरेको सहयोगमा आभार व्यक्त गरे । वालिङ जेसिजका वर्ष २०२१ का अध्यक्ष विस्वास लम्साल नेविसंघ नेता युधिष्टिर गैह्र खहरे युवा क्लवका अध्यक्ष अमृत परियार(बोधी) लगाएतको उपस्थितिमा राहत वितरण गरिएको थियो । फाउण्डेसनले जिल्लाका ११ ओटै पालिकामा त्यस्ता बस्तीको खोजी गरि खाद्यन्नको अभाव हुन नदिने गरी अगाडी बढेको जनाएको छ । अत्यन्तै विपन्न वर्ग र दैनिक मजदुरी गर्ने वर्गलाइ जुनसुकै सहयोग गर्न तयार रहेको फाउण्डेसनका अध्यक्ष कमल ढकालले बताए।

## गण्डकी ...

मातहतका जिल्ला स्वास्थ्य कार्यालय मार्फत वार्षिक ६ हजार प्रोत्साहन भत्ता दिने व्यवस्था गरिएको बजेटमा उल्लेख छ। पोखरामा चक्रपथ निर्माण योजना,पोखरामहानगरपालिकासँगको सहकार्यमा महानगरपालिकाको वडा नं. ९ स्थित बसपार्कलाई स्तरोन्नति गर्ने र वडा नं.- ३२ स्थित लामेआहालमा प्रदेशस्तरीय बसपार्कको निर्माण कार्य प्रारम्भ गर्न आवश्यक बजेट व्यवस्था गरेको वजेटमा उल्लेख छ। त्यसै गरी जनताको आधारभूत आवश्यकतालाई सम्बोधन गर्न सबै गाउँबस्तीमा आधार भूत खानेपानी कार्यक्रम तथा एक घर-एक धारा खानेपानी कार्यक्रमलाई सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ। प्रदेश सरकारका अधुरा तथा क्रमागत आयोजना तोकिएको समयमा सम्पन्न गर्न आवश्यक स्रोतको व्यवस्था गरी “निर्वाचन क्षेत्र पूर्वाधार विकास“ कार्यक्रमलाई परिमार्जन सहित कार्यान्वयन गर्ने गरी ७२ करोड बजेट विनियोजन गरिएको बजेटमा उल्लेख छ। प्रमुख प्रतिपक्ष दलका नेता एवं निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले बजेट सन्तोसजनक नै रहेको बताए । कोरोनाले गर्दा विगत एक बर्ष देखि राजश्व बृद्धि नभएको अबस्थामा केही श्रोत पहिचान गर्न नसक्नु एका तर्फ सरकारको कमजोर भएको बताएका उनले समग्रमा बजेट सन्तोस जनक भएको प्रतिकृया दिए । अघिल्लो बर्षमा करिब ७/८ अर्ब बजेट खर्च हुन नसकेको अर्को बर्षमा खर्च गरे पनि यस बर्ष धेरै खासै धेरै बजेट बतत नहुने नेता गुरुङले जनाए। चालु आर्थिक बर्ष भन्दा करिब पौने ५ अर्ब बजेट कम हुनुमा राजश्व संकलन गर्ने रणनितीक योजना र श्रोतहरुको राम्रो पहिचान गर्न नसक्नु भएको नेता गुरुङको दाबी छ। बहुबर्षीय पूर्वाधार विकासका योजना सम्पन्न गर्न मात्र १६ अर्ब लाग्ने उनले बताए।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# भाषणले भरिएको बजेट

सात वटै प्रदेशले आर्थिक वर्ष २०७८/७९को बजेट ल्याएका छन् । सातवटै प्रदेशले ल्याएको बजेटमा कोरोना महामारी नियन्त्रण, कोरोना विरुद्धको खोप, स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याएका छन् । चालू आवमा कोभिड-१९ले हरेक क्षेत्रमा पुऱ्याएको असरसंग कसरी जुध्ने भन्नेमा थियो । आव २०७८/७९ कोरोना भाइरसबाट बचाउनका लागि खोप, अस्पतालमा सेवामा सुधार, स्वास्थ्य संस्था र सरकारी अस्पतालको सेवा सुधारलाई जोड दिइएको छाकोभिड -१९ संक्रमितको उपचार, मृत्यु भएकाको परिवारलाई क्षतिपूर्तिमा जोड दिनु समस्याको पहिचान हो । सातवटै प्रदेशले ल्याएकोबजेट गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०७८/७९ का लागि ३० अर्ब तीन करोड ९४ लाखको बजेट मंगलबार सार्वजनिक गरेको छ। १३ अर्ब ६ करोड ४७ लाख चालूतर्फ र १६ अर्ब ७३ करोड ४६ लाख पुँजीगत तथा २४ करोड वित्तीय व्यवस्थापनतर्फ बजेट विनियोजन गरिएको छ । यो चालू आर्थिक वर्षको भन्दा झन्डै चार अर्ब ५० करोड कम हो ।

अर्थ मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले आगामी आर्थिक वर्षका लागि चालूतर्फ १३ अर्ब ६ करोड अर्थात् ४३ दशमलव ५ प्रतिशत विनियोजन गरेको जानकारी गराए । पुँजीगततर्फ १६ अर्ब ७३ करोड छुट्याइएको छ । यो कुल बजेटको ५५ दशमलव ७ प्रतिशत हो । गण्डकी प्रदेश सरकारले पूरा बजेटमध्ये नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान ७ अर्ब ४२ करोड पाएको छ। ससर्त अनुदान ४ अर्ब १८ करोड, समपूरक अनुदान ८७ करोड, विशेष अनुदान ५४ करोड, राजस्व बाँडफाँड ७ अर्ब ६२ करोड र रोयल्टीबाट ३० करोड पाउने अनुमान छ।

प्रदेशले ४ अर्ब ९७ करोड आन्तरिक आम्दानीबाट व्यहोर्नेछ। यो वर्ष खर्च नहुने दुई अर्ब १० करोड पनि बजेटमा समावेश गरिएको छ। अपुग दुई अर्बमध्ये आन्तरिक ऋण एक अर्ब र नेपाल सरकारबाट एक अर्ब ऋणबाट पूर्ति गरिने भएको छ। कोभिड १९ र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिँदै गण्डकी प्रदेश सरकारले आगामी वर्ष २०७८/७९ को लागि मंगलबार प्रदेश सभामा पेस गरेको बजेटमा कोरोना उपचारलाई उत्कृष्ट बनाउने, अस्पतालहरूको स्तरोन्नति गर्दै स्वास्थ्य बीमा कार्यक्रमलाई सम्बोधन गरेको छ । यसैगरी बजेटमा कोरोनाबाट प्रभावित क्षेत्रलाई पनि प्राथमिकता दिइएको छ। महिलाको स्तन, पाठेघरको क्यान्सर र आङ खस्ने समस्याको निःशुल्क उपचार गराउने, बेवारिसे बालबालिकाको संरक्षण र जेष्ठ नागरिकलाई पनि संबोधन गरेको छ। पर्यटन, पूर्वाधार, कृषि, खेलकुदलाई पनि बजेटले प्राथमिकता दिएको छ।

नेकपा एमालेका नेता पृथ्वीसुब्बा गुरुङको सरकारलाई विस्थापित गरि काङ्ग्रेसको नेतृत्वमा बनेको गठबन्धन सरकारले ल्याएको बजेटमा भाषण बढी रहेको छासरकार बनेको तीन दिनमा बजेट ल्याउनु परेको हुँदा नयाँ कार्यक्रम भन्दा बक्तव्य धेरै लेखेर अलमल्याउन खोजिएको छानिर्वाचन क्षेत्र कार्यक्रमलाई हटाउन नसक्नु काङ्ग्रेसको मान्यता विपरीत हो । जुन रकमको सदुपयोग भन्दा दुरुपयोग भएको गुनासोलाई बेवास्ता गरिएको छाविगत सरकारका राम्रा कार्यक्रमलाई महत्त्व नदिएर झारा टार्न खोजिएको छाप्रदेशले आफ्नो औचित्य सावउत गर्न नयाँ भन्दा चालू र बहुवर्षे योजनालाई निरन्तरता दिन सक्नुपर्थ्यो। स्वास्थ्य शिक्षा गरिएको लगानीको प्रतिफल पाउन वर्षौं लाग्ने भएको हुँदा तत्काल परिणाम देखाउन खोज्नु हुँदैन। कार्यान्वयन पक्ष कमजोर र मिलिजुली सरकारले सबैलाई रिझाउन खोज्दा बजेटबाट जनतालाई उत्साहित बनाउन सकिदैन।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : व्यापारमा लाभ |
| मिथुन | : मानसिक तनाव | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारिरीक झमेला |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# महिला भलिबलको प्रशिक्षण शुरु

रासस
पोखरा, १ असार

राष्ट्रिय महिला भलिबल टोलीको प्रशिक्षण मंगलबारदेखि शुरु हुँदैछ । कोरोना महामारीका कारण गत जेठ २१ गतेदेखि शुरु हुनुपर्ने प्रशिक्षण स्थगित गरिएको थियो ।

प्रशिक्षणका लागि टोलीका अधिककाँश खेलाडी काठमाडौँ आइसकेको नेपाल भलिबल सङ्घका महासचिव जितेन्द्रबहादुर चन्दले जानकारी दिनुभयो । बन्द प्रशिक्षणका लागि टोलीमा परेका केही खेलाडी काठमाडौँ आउने क्रममा रहेका छन् । सङ्घले गत चैतमा सम्पन्न एनभीए क्लब भलिबल लिगबाट ३० खेलाडी छनोट गरी प्रशिक्षणमा सहभागी गराउने निर्णय गरेको थियो। जेठ १४ गते बसेको सङ्घको बैठकले जगदिशप्रसाद भट्टलाई प्रशिक्षकको जिम्मेवारी सुम्पेको हो । सङ्घका उपाध्यक्ष निरोज मास्के, प्रशिक्षक भट्ट र प्रज्वलबहादुर सिंह सम्मिलित छनोट समितिले खेलाडी छनोट गरेको हो । आगामी भदौ १३ देखि २० गतेसम्म फिलिपिन्समा आयोजना हुने एसियन महिला भलिबल च्याम्पियनसिपका लागि बन्द प्रशिक्षण थालिएको हो।

बन्द प्रशिक्षणका लागि नेपाली सेनाको त्रिभुवन आर्मी क्लबबाट आठ, नेपाल प्रहरीको पुलिस क्लब, सशस्त्र प्रहरी बलको एपीएफ क्लब र न्यू डायमण्ड क्लबबाट सात सात तथा भरतपुर मेट्रोबाट एउटा खेलाडी छनोटमा पर्नुभएको छ । आर्मीबाट सुनिता खड्का, सोफिया पुन, शान्ति थारु, जानकी भण्डारी, सरस्वती जैसी, कृपा अधिकारी, संगम महतो र सृष्टि खड्का, पुलिसबाट कमला पुन, उषा भण्डारी, पुनम चन्द, कामना बिष्ट, लक्ष्मी चन्द, मनिषा चौधरी र शान्तिकला तामाङ, एपीएफबाट सरस्वती चौधरी, निरुता ठगुन्ना, हिरा केसी, उषाकुमारी बिष्ट, पुजा चौधरी, रेश्मा भण्डारी र कविता भट्ट, न्यू डायमण्ड स्पोर्ट्स क्लबबाट प्रतिभा माली, अरुणा शाही, सलिन श्रेष्ठ, बाल्मिका आचार्य, झरना श्रेष्ठ, रिया कुँवर र रिमा कुवँर तथा भरतपुरबाट सरस्वती कट्टेललाई छनोट गरिएको छ।

यस्तै वैकल्पिक खेलाडीका रूपमा भरतपुरकी आरती सुवेदी र निशा चौधरी, डायमण्डकी प्रगति नाथ, ढोरपाटनकी पुष्पा शाही र पुलिसकी पुष्पा चौधरी रहनुभएको छ । सङ्घले महिला टोलीको व्यवस्थापकमा उपाध्यक्ष निरोज मास्केलाई चयन गरेको छ। टोलीको ट्रेनरको जिम्मेवारी अन्जु श्रेष्ठले पाउनुभएको छ।

# लेदोसहितको बाढीले १५ घर उच्च जोखिममा

रासस
बलेवा, १ असार

मुस्ताङमा बाढीका कारण १५ घर उच्च जोखिममा परेका छन्।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको लुप्रा खोलामा बाढी आएको हो । सोमबार दिउँसो आएको लेदोसहितको बाढीले खोला किनारका १५ घर जोखिममा परेका हुन् । लुप्रा गाउँका सबै घर जोखिममा परेको जिल्ला प्रशासन कार्यालय मुस्ताङले जनाएको छ। सोमबार दिउँसो लुप्रा खोलामा एक्कासि लेदोसहितको बाढी आएको गाउँपालिका प्रमुख फेञ्चोक छेप्तेन गुरुङले जानकारी दिनुभयो । ''माथितिर जमेर बसेको हिउँ हुन्छ। त्यही हिउँ पग्लने र एकैचोटी ठूलो पानी पर्दा बाढी आएको हो'', उहाँले भन्नुभयो। अहिले सो क्षेत्रमा निरन्तर वर्षा भैरहेको छ । खोलामा बाढी आएको जानकारीपछि जिल्लाका सुरक्षा निकायबाट उक्त क्षेत्रको अनुगमन गरिएको छ। प्रमुख जिल्ला अधिकारी हीरादेवी पौडेलले हिमताल फुटेकोबारे जानकारी नभए पनि हिमपहिरोको सम्भावना भएको बताउनुभयो।

# ढोरपाटनका दुई परिवार विस्थापित

रासस
बागलुङ, १ असार

निरन्तरको वर्षापछि खसेको पहिराले घर जोखिममा पारेपछि ढोरपाटन नगरपालिका-९ नवीका दुई परिवार विस्थापनमा परेका छन्।

उनन्चालीस वर्षीय मीनबहादुर विक र ३३ वर्षीया मनरमा विकको घर पहिराको जोखिममा परेको हो।

घरभन्दा १० मिटर माथिबाट पहिरो खसेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घरमा बस्न सक्ने स्थिति नभएपछि दुवै परिवारका सदस्यले छिमेकीकहाँ आश्रय लिएका छन् । पहिरा खसेपछि प्रहरी घटनास्थल पुगेको थियो। वर्षातका कारण ठाउँठाउँमा पहिरा खस्ने तथा जमीन भासिने भए पनि कुनै अप्रिय घटना भने अहिलेसम्म नभएको जिप्रकाका प्रहरी नायब उपरीक्षक इकवाल हवारीले बताउनुभयो । "वर्षा धेरै भएकाले बाढी, पहिराका घटना अझै बढ्न सक्छन्, सबै सजग हुनुपर्छ", उहाँले भन्नुभयो।

# ८८ प्रतिशत कोरोना संक्रमणमुक्त

रासस
काठमाडौं, १ असार

पछिल्ला केही सातायता नेपालमा कोरोना सङ्क्रमणको दर लगातार घट्न थालेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्ला दिनमा कोरोना सङ्क्रमित हुने र मृत्यु हुनेको संख्या लगातार घटिरहेको छ।

पछिल्लो २४ घन्टामा १३ हजार २९० नमूना परीक्षण गर्दा दुई हजार ७४५ जनामा सङ्क्रमण पुष्टि भएको छ। सात हजार ४४९ नमूनाको पिसिआर परीक्षण गर्दा एक हजार ६८१ र पाँच हजार ८४१ नमूनाको एन्टिजेन परीक्षण गर्दा एक हजार ६४ जनामा सङ्क्रमण पुष्टि भएको छ।

यससँगै नेपालका कोरोना सङ्क्रमण हुनेको संख्या छ लाख १२ हजार २०२ पुगेको छ। ती मध्ये पाँच लाख ४० हजार ४३९ जना सङ्क्रमणमुक्त भएको छन् । जुन कुल संक्रमितको ८८.३ प्रतिशत हो । मंगलबार चार हजार १८६ जना कोरोना सङ्क्रमण मुक्त भएका छन् भने सङ्क्रमणबाट ४१ जनाको ज्यान गएको छ। हालसम्म नेपालमा कोरोना सङ्क्रमणबाट आठ हजार ५०६ जनाले ज्यान गुमाएका मन्त्रालयले जनाएको छ।

# ४७ औं जन्मदिनको अवसरमा कला प्रदर्शनी

पोखरापत्र संवाददाता
पोखरा, १ असार



कलाकार विक्रम शिशिरको एकल चित्रकला प्रदर्शनीको आईतबार एक भर्चुअल कार्यक्रमको माध्यमद्वारा उद्घाटन भयो।

कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ साहित्यकार महानन्द ढकालले विक्रम शिशिरले गरेको कलाकारीतामा मेहनत निकै चुनौतीपूर्ण रहेको बताउदै कुनै कुराको वास्ता नगरी विभिन्न चुनौतिका छिचोल्दै निरन्तरता दिन सक्नु महत्वपूर्ण कुरा भएको उल्लेख गर्नुभयो। ढकालले नेपाली कलाकार पनि कलाबाट नै बाच्न सक्ने वातावरण बन्नु पर्नेमा जोड दिदै यस्तो खाले भर्चुअल कार्यक्रम पहिलो पटक भएको र विक्रमलाई प्रेरित गर्ने नगेन सिंह ठकुरीको साथ श्रहानिय भएको बताउनु भयो । गरीरहेको पेसा त्यागेर स्वदेशमै केही गर्नुपर्छ भन्ने कुरामा विश्वस्त हुन सक्नु र सबै खालका चुनौतीसँग संघर्ष गर्न सक्नु नै विक्रम शिशिरको सफलताको कारण भएको ढकालको भनाई छ । उहाँले कलाकार शिशिर एक्लैले बाहेर मात्र नहुने र समन्वय, सहकार्य, सहभागिता र धैर्य हुन सकिएन भने कुनै कुराको स्थाईत्व नहुने बताउदै कला र कलाकारीतामा तिता मिठा अनुभवहरु राख्दै परिवार, साथि भाइ शुभचिन्तक, आलोचक लगायत प्राज्ञ, ललितकला कर्मी, साहित्यकार, संचारकर्मीलाई आभार ब्यक्त गर्नुभयो।

कार्यक्रममा कथाकार सुमीत्रा न्यौपानेले एकल कला प्रदर्शनी शिशिरको मात्र नभई सिङ्गो कोहलपुरको भएको बताउँदै हार्दिक बधाई ज्ञापन गर्दै न्यौपानेले आफू चित्रकार विक्रम शिशिरको कला कृतिका पारखी भएको बताउनु भयो । पुर्णिमा साहित्य प्रतिष्ठान कोहलपुरको उपाध्यक्ष समेत रहनुभएका शिशिरको कलाकृति अभियानमा आफूनि सँगसँगै रहेको बताउदै दैनिक जसो चित्र बनाउने भयकोले अब कस्तो खालको आउँछ होला भन्ने कौतुहलता हुने र सुन्दर तथा मनमोहक चित्र कोर्नसक्ने क्षमताले तथा मेहनतले शिशिरको परिचय स्थापित गरेको भन्दै न्यौपानेले प्रशंसा गर्नु भयो । संचारकर्मी तथा साहित्यकार खगेन्द्र अधिकारी अमृतले विक्रम शिशिर कोहलपुरको मात्र नभई समग्र बाँके तथा लुम्बिनी तथा कर्णाली प्रदेशको पनि गहनाको रूपमा परिचित कलाकार भएको बताउदै एक असल मन कुशल कलाकारीता र कलात्मक विचारको त्रिकोणात्मक संगम रहेको जनाउनु भयो । उहाँको चित्रकला र उहाँका साहित्यका बान्की पनि उत्तिकै सुन्दर हुने बताउनु भयो।

नगेन न्यूज पब्लिकेशनका अध्यक्ष तथा कार्यक्रमको अध्यक्ष ज्योति हमालले काठमाडौं रहदा कलाकारीता र पत्रकारिता गरिएको र अरूले मोफसलका कुरा गरेको स्मरण गर्दै काठमाडौंमा बस्ने कलाकार, साहित्यकार वा पत्रकार मोफसलकालाई कुनै वास्ता नगरेको दुखेसो गर्नुभयो। साहित्यकार केशवराज शाही 'निमेष', कलाकार आयुष्मा ढकाल, आस्विन कोइरालाले कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्दै आफ्नो मन्तव्य राखेका थिए।

विश्व कला यात्री प्राज्ञ नगेन सिंह ठकुरीको स्वागत मन्तब्यबाट सुरु भएको कार्यक्रमको संचालन कलाकार उषा सुवेदीले गर्नु भएको थियो। प्रदर्शनीमा उनका ४७ वटा कलाकृतिहरू राखिएको छ।

# यस वर्ष तनहुँमा छ लाख २५ हजार बिरुवा उत्पादन

पोखरापत्र संवाददाता
तनहुँ, १ असार

डिभिजन वन कार्यालय तनहुँद्वारा यस वर्ष विभिन्न प्रजातिका गरी छ लाख २५ हजार बिरुवा उत्पादन गरेको छ । डिभिजन वन कार्यालय र उक्त कार्यालय माहत रहेका सबडिभिजन कार्यालयबाट गरी उक्त परिमाणमा बिरुवा उत्पादन गरेको हो।

जिल्लामा गत वर्षको तुलनामा यस वर्ष दुई लाख ६३ हजार कम बिरुवा उत्पादन भएको डिभिजन वन कार्यालयका सहायक वन अधिकृत अरुण पराजुलीले जानकारी दिनुभयो। गत वर्ष तनहुँमा विभिन्न प्रजातिका गरी आठ लाख ८८ हजार बिरुवा उत्पादन गरी वितरण गरिएको उहाँले बताउनुभयो। उहाँका अनुसार चाँप, तेजपात, चिउरी, टाँकी, अशोका, कटहर, कपूर, जामुना, निमारो, अम्बा, अमला, धुपी, म्याङगोस्टिन, बडहर, कल्की फूल, लप्सी, कुरिलो, बेल, राइखनायो, श्रीखण्ड, हर्रो, बर्रो, टिमुर, सिमल, खयरलगायतका ३२ प्रजातिका बिरुवा उत्पादन गरिएको छ । कार्यालयको नर्सरीमा वन, जडीबुटी, फलफूल र डालेघाँसलगायतका बिरुवा उत्पादन गरी निःशुल्करूपमा वितरण गर्न थालिएको सो कार्यालयले जनाएको छ। डिभिजन वन कार्यालयले तीन लाख २५ हजार र ऋषिङ, म्याग्दे, देवघाट, बन्दीपुर गाउँपालिका र व्यास, शुक्ला नगरपालिका गरी छवटा सबडिभिजनले ५० हजारका दरले तीन लाख गरी छ लाख २५ हजार बिरुवा उत्पादन भएको उहाँले बताउनुभयो।

डिभिजन वन कार्यालय मातहत रहेका आठवटा सबडिभिजनमध्ये भानु र भिमाद सबडिभिजनले यस वर्ष बिरुवा उत्पादन नगरेका कारण पनि गत वर्षको तुलनामा कम बिरुवा उत्पादन भएको उहाँले बताउनुभयो। जिल्लाको ऋषिङ गाउँपालिका-१ झापुटारस्थित १४० मेगावाट विद्युत् उत्पादन गर्न लागेको तनहुँ जलविद्युत् आयोजनाले आयोजनाबाट प्रभावित भएका पालिका एवं सर्वसाधारणलाई बिरुवा उत्पादन गरेर निःशुल्करूपमा वितरण गर्ने गरी डिभिजन वन कार्यालयसँग सम्झौता भएको छ।

उक्त आयोजनाले सामुदायिक, राष्ट्रिय र कबुलियती वनमा वृक्षरोपण गरेमा प्रतिहेक्टर रु ३० हजार र डिभिजन वन कार्यालयले बिरुवा उत्पादन गर्दा प्रतिबिरुवा रु १० का दरले आयोजनाले अनुदान दिने सम्झौता भएको सो कार्यालयले जनाएको छ।

कार्यालयले जेठ ३० गते आइतबारदेखि उत्पादित बिरुवा तयारी भएकाले वितरण शुरु गरिएको डिभिजन प्रमुख कोमलराज काफ्लेले बताउनुभयो।

आयोजनाबाट रुख कटान गरी प्रभावित भएका पालिकामा वृक्षरोपणका लागि तयारी बिरुवा वितरण गर्न थालेका हौं । उहाँले भन्नुभयो, "कार्यालयले बिरुवा वितरण थालेसँगै बिरुवा लिन आउनेको भीड लागेको छ।"

# बाढीले बेँसीशहर–चामे सडक अवरुद्ध

पोखरापत्र संवाददाता
लमजुङ, १ असार

आइतबारदेखि निरन्तर वर्षाले आज बाढीसहित पहिरो जाँदा बेँसीशहर–चामे सडक, खेल मैदान र बङ्गुर बगाएको छ।

मनाङ जोड्ने बेँसीशहर चामे सडकअन्तर्गत जिल्लाको बेँसीशहर नगरपालिका–६ स्थित खरखरे भीरमा सडक बाढी पहिराले बगाएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक जगदीश रेग्मीका अनुसार मर्स्याङ्दी नदीले सडक भासिएको छ भने सडक माथि भीरबाट ठूलाठूला ढुङ्गासहितको पहिराले सडक भासिन पुग्दा सडक अवरुद्ध भइरहेको छ। यहाँ करीब ३० मिटर सडक नै भासिएको छ। सडक अवरुद्ध भएपछि निषेधाज्ञाका बेला सञ्चालन हुने अत्यावश्यक ढुवानीका साधन तथा सवारी साधन रोकिनु पर्ने भएको छ।

त्यस्तै मर्स्याङ्दी गाउँपालिका–४ रामबजारमा रहेको बाघेता युवा क्लबको खेल मैदान मर्स्याङ्दी नदीले बगाएको छ । क्लबका अध्यक्ष विष्णु गुरुङका अनुसार नदीमा पानीको बहाव वृद्धि हुँदा १० मिटर जति खेलमैदान बगाएको र अझै खेल मैदान बगाउने क्रम जारी रहेको छ। खेल मैदान यसै वर्ष गण्डकी प्रदेश सरकारको रु २० लाख र मर्स्याङ्दी गाउँपालिकाको रु पाँच लाख गरी रु २५ लाखमा निर्माण गरिएको थियो।

त्यस्तै, सोही वडाको जगतमा चन्द्रबहादुर गुरुङको बङ्गुर फार्मसहित ५०/ ५० किलोको दुई वटा बङ्गुर बगाएको वडाध्यक्ष सुमन गुरुङको भनाइ छ।

निरन्तर परेको पानीले विभिन्न स्थानबाट बाढी आउनुका साथै मर्स्याङ्दी नदीलगायत खोलाहरूमा पानीको बहाव बढिरहेकाले अझै क्षति हुन सक्ने वडाध्यक्ष गुरुङको भनाइ छ । उहाँले भन्नुभयो, "भौतिक क्षति भएपनि हालसम्म मानवीय क्षति भने हुन पाएको छैन।"

# विद्यार्थी भर्ना अभियान शुरु

–रमेश गिरी
काठमाडौं, १ असार (रासस)

सरकारले यस वर्षको विद्यालय तहको नयाँ शैक्षिक सत्र आजदेखि शुरु गरेको छ। शिक्षा, विज्ञान तथा प्रबिधि मन्त्रालयले आजदेखि यस वर्षको शैक्षिक सत्र शुरु गर्ने निर्णय गरेको थियो।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री कृष्णगोपाल श्रेष्ठले भर्ना अभियान र वैकल्पिक विधिबाट हुने पठनपाठनलाई सफल पार्न आह्वान गर्नुभएको छ। आज शिक्षक सङ्गठनसँग भएको भर्चुअल छलफलमा उहाँले भर्ना अभियानलाई सफल पार्न सबैमा आह्वान गर्नु भएको हो।

मन्त्रालयले शिक्षा तथा मानवविकास स्रोत केन्द्रमार्फत सबै जिल्लामा भर्ना अभियान शुरू गर्न निर्देशन दिएको थियो। कोभिड-१९ सङ्क्रमणका कारण भौतिक उपस्थितिमा पठनपाठन हुन नसके पनि वैकल्पिक विधिबाट पठनपाठनलाई निरन्तरता दिने गरी शैक्षिक सत्र प्रारम्भ गरिएको हो।

सरकारले सबै विद्यालयले विद्यार्थीको अन्तिम आन्तरिक मूल्याङ्कन पूरा गरी नतिजा प्रकाशन गरेर कक्षा १० सम्मको अध्ययन गर्ने देशभरका विद्यार्थीको पठनपाठन शुरु गर्न भर्ना अभियान सञ्चालन गरेको हो। केन्द्रका महानिर्देशक वैकुण्ठ अर्यालले आजदेखि देशभर भर्ना अभियान शुरुआत भएको जानकारी दिनुभयो। केन्द्रले अहिलेको विषम परिस्थितिमा विद्यालयमा भौतिक उपस्थितिमा नभइ अनलाइन, टेलिफोन या अन्य कुनै माध्यमबाट आजदेखि विद्यार्थीका कक्षामा अभिलेकीकरण शुरु गरी असार १५ गतेसम्म सम्पन्न गर्न निर्देशन दिएको छ।

विद्यालयले विद्यार्थीको अभिलेखीकरण पूरा गरी आफ्नो नजिकको विक्रेताबाट पाठ्यपुस्तक खरिद गरेर विद्यार्थीको हातहातमा नयाँ पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने छ। त्यसपछि विद्यालयले भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्न नसक्ने अवस्थामा वैकल्पिक विधि अनलाइन, रेडियो, टेलिभिजनलगायतका माध्यमबाट विद्यार्थीको सिकाइलाई अगाडि बढाउनु पर्नेछ। कोरोना महामारी घटेर स्थिति सामान्य भएपछि भने विद्यालयले भौतिकरूपमा विद्यार्थीको उपस्थिति गराई कक्षा सञ्चालन गर्न सक्नेछन्। कोरोनाका कारण विद्यार्थीसमेत गाउँ गएकाले भर्ना अभियान विगतका वर्षमा जस्तो प्रभावकारी हुनेमा आशंका पैदा भएको छ।

विसं२०७६ सम्ममा सरकारले वैशाख १ गतेदेखि १५ गतेसम्म भव्यरूपमा बिभिन्न कार्यक्रम गर्दै भर्ना अभियान सञ्चालन गर्दै आएको थियो। विद्यालय जाने उमेर समूहका कोही बालबालिका पनि विद्यालय जानबाट बञ्चित हुन नपरोस भन्दै भव्यरूपमा भर्ना अभियान सञ्चालन गर्ने र घरदैलो अभियान गर्ने गर्दै आएको थियो। विसं २०७७ सालदेखि भने कोरोना भाइरसको महामारीका कारण भर्ना अभियान प्रभावकारी हुन सकेको थिएन। गतवर्ष शैक्षिक सत्र कहिलेबाट सञ्चालन गर्ने भन्दै अन्योल भयो भने साउनदेखि वैकल्पिक विधिबाट पठनपाठन शुरू भएको थियो। यस वर्ष भने सरकारले असार १ गतेदेखि नयाँ शैक्षिक सत्र निर्धारण गरेको हो। वैकल्पिक विधिबाट पठनपाठन हुने भएपछि गतवर्ष धेरै विद्यार्थीले पढाई छोडेको आँकलन गरेपनि गत वर्ष कति विद्यार्थी भर्ना भए र यस वर्ष कति विद्यार्थी भर्ना हुन्छन् भन्ने तथ्याङ्क समेत केन्द्रले राख्न सकेको छैन। यसैगरि कक्षा ११ को पठनपाठन भने भदौबाट गर्ने तयारी गरेको छ। राष्ट्रिय परीक्षा बोर्डका अनुसार विद्यालयले कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसइई)का विद्यार्थीको यही असार मसान्तसम्म आन्तरिक मूल्याङ्कन गरिसक्ने अगामी साउन दोस्रो सातासम्म एसइईको अन्तिम नतिजा प्रकाशित गरि आगामी भदौबाट कक्षा ११ को पठनपाठन शुरु गरिने छ।

# व्यावसायिक तालीममार्फत युवालाई स्वरोजगार

–वासुदेव पौडेल
पोखरा, १ असार

कास्कीको अन्नपूर्ण गाउँपालिकाले व्यावसायिक तालीममार्फत युवालाई स्वरोजगार बनाउने किसिमका कार्यक्रमलाई प्राथमिकतामा राखेको छ। गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम सोमबार गाउँसभाको बैठकमा प्रस्तुत गर्दै गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले सबै वडामा तालीममार्फत रोजगारी सिर्जना गर्न युवा रोजगार कार्यक्रम सञ्चालन गरिने बताउनुभयो। गाउँपालिकाले तीन महिने हाउस वायरिङ, प्लम्बिङ, ड्राईभिङ, सिलाई बुनाई, ब्युटिसियन ट्रेडिङ, हेयरकटिङ, वर्कसपलगायतका अन्य व्यावसायिक तालिममार्फत युवालाई स्वरोजगार तुल्याउने नीति लिएको छ।

"कृषि क्षेत्रको अभिवृद्धि अन्नपूर्ण गाउँपालिकाको समृद्धि" भन्ने मूल नाराका साथ युवालाई कृषिमा आकर्षण गराउन युवा स्वरोजगार र युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ अध्यक्ष कुँवरले बताउनुभयो। गाउँपालिकाभित्र एक घर एक बहुपोषणयुक्त करेसाबारीलाई विशेष आयोजनाका रूपमा अगाडि बढाइने बताउँदै उहाँले यस्तो करेसाबारीमा पुदिना, कुरिलो, कागती, तुलसी, मरहठ्ठी, लेमनग्रास, मेवा, धनियाँ, घ्युकुमारीजस्ता आयुर्वेदिक महत्व रहेका बिरुवाको उत्पादनसहित उपयोग गर्ने कार्यक्रम राखिएको बताउनुभयो। गाउँपालिकामा सङ्घीय सरकारबाट सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र गण्डकी प्रदेश सरकारबाट सञ्चालित मुख्यमन्त्री वातावरण मैत्री नमुना कृषि गाउँ कार्यक्रमलाई प्रभावकारी तुल्याउँदै त्यस क्षेत्रमा कृषिको विशेष पकेट क्षेत्र स्थापना गर्ने नीति अङ्गिकार गरिने गाउँपालिकाले जनाएको छ। हिमाली उच्च समस्थलीहरूमा जडीबुटी, सतुवा, चिराइतो, स्याउ र दाँतेओखर खेतीको लागि माटो परीक्षणलगायत स्थलगत अध्ययन गरी कृषकलाई त्यसतर्फ उत्प्रेरित गर्दै अनुदानमा विरुवा उपलब्ध गराइने गाउँपालिकाको योजना छ।

स्थानीय तहमा उत्पादित खाद्यान्न सञ्चिती एवम् संरक्षण गर्ने र कुनै पनि प्रकारका खानेकुरा खेर नफाल्न पालिकाबासीलाई सचेतनाका साथ उत्पादन, उत्पादकत्व अभिवृद्धि गर्दै "खाना नफालौँ" कार्यक्रमलाई विशेष अभियानका रूपमा सञ्चालन गरिने उहाँले बताउनुभयो। "एक कृषक एक दुहुनो गाई/भैसी" कार्यक्रम अभियानका रूपमा सञ्चालन गरी दूधलाई आफ्नो दैनिक आयआर्जनको माध्यम बनाउँदै दूध उत्पादनमा सहकारिताको विकास गरी पशुपालक कृषक समूहलाई गोठ निर्माण तथा भकारो सुधार कार्यक्रमलाई निरन्तरताका साथ उत्पादनका आधारमा अनुदान उपलब्ध गराउने भएको छ। स्थानीय स्रोत सीप साधन एवम् प्रविधिको प्रयोगलाई बढावा दिई परम्परागत रूपमा रहेका राडीपाखी, कम्बल, भाङ्ग्रा, झोला बनाउने तानहरूलाई आधुनिकीकरण गरी व्यवसायिकताका साथ अन्नपूर्ण ब्राण्डको रूपमा विकास गरिनेछ अध्यक्ष कुँवरले जानकारी दिनुभयो। गाउँपालिकाभित्रका जलविद्युत् उत्पादनको सम्भावनालाई उजागर गर्दै साना तथा ठूला जलविद्युत् आयोजना सञ्चालन गर्न लगानीकर्तालाई आकर्षण गर्नुका साथै त्यस्ता आयोजनामा पालिकावासीको लगानी समेतको सुनिश्चि गरी जलविद्युत्तर्फको "एक घर एक शेयर सदस्य" हुने नीतिलाई अङ्गिकार गरी स्थानीयवासी समेत ती आयोजनाबाट लाभान्वित हुने अवसरको सिर्जना गरिने अध्यक्ष कुँवरले बताउनुभयो।

हस्तकलाका सामग्री र परम्परागत खाद्य पदार्थ (सिन्की, गुन्द्रुक, मह, कफी, अलैंची आदि) लाई यस गाउँपालिकाको विशेष 'ब्राण्ड'को रूपमा स्थापित गरी निकासीजन्य वस्तु उत्पादन गर्न प्रोत्साहन गरिने उहाँले जानकारी दिनुभयो। गाउँपालिकाभित्रका पर्यटकीय क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार संरचनाहरू निर्माण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। पर्यटकीय गन्तव्यको प्रर्वद्धन गर्न गाउँपालिकास्तरीय पर्यटन गुरुयोजना निर्माण गर्नुका साथै पर्यटकीय पूर्वाधार निर्माण, प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक पक्षहरूलाई समेटी डकुमेन्ट्री फिल्म निर्माण तथा ब्रोसर प्रकाशन गरिने उल्लेख छ। पर्यटकीय केन्द्र घान्द्रुकमा 'फोटो सुट केन्द्र' स्थापना गर्ने र सो गाउँलाई सांस्कृतिक गाउँको रूपमा घोषणा गर्नका लागि आवश्यक पूर्वाधार संरचना निर्माण गर्ने नीति लिइने कुँवरले बताउनुभयो। उहाँका अनुसार पालिकाभित्रका ऐतिहासिक एवं धार्मिक स्थलहरू भूमेको थान, आरोग्यमाई, शिवालय, पाउँदुरकोट, रिनिम्यो ढुङ्गा, मेश्रमबराह ताल, ढिकुरपोखरी, छहराकुनापार्कलगायतका सम्भाव्यस्थलको संरक्षण, सम्वर्द्धन र प्रचारप्रसार गरिने छ।

छोम्रोङ माथि अन्नपूर्ण आधार शिविरमा कुनैपनि पूर्वाधार विकासका नाममा मेशिनरी औजारको प्रयोग नगरिने र यस क्षेत्रलाई पर्यावरण प्राकृतिक कुमारी क्षेत्र कायम राख्दै विपत् अवस्थामा तुरुन्त उद्धार गर्न सकिने व्यवस्था मिलाउनका लागि आवश्क पहल गरिने नीति तथा कार्यक्रममा भनिएको छ। आर्थिक वृद्धि, रोजगारी सिर्जना र आर्थिक स्थायित्व कायम गर्नका लागि कृषि, साना उद्योग, पूर्वाधार जस्ता उत्पादनशील क्षेत्रमा लगानी गर्नाका लागि गाउँपालिकाभित्रका सबै बैंक तथा वित्तीय संस्थालाई आवश्यक समन्वय गरिने अध्यक्ष कुँवरले जानकारी दिनुभयो। 'एक गाउँ एक सडक' निर्माण कार्यलाई निरन्तरता दिई अधुरा सडक ट्र्याकहरूको पूर्णताका साथै गाउँपालिका केन्द्र एवं मध्यपहाडी लोकमार्गदेखि वडा केन्द्रहरू जोड्ने रणनीतिक महत्वका सडक स्तरोन्नति गरी बाह्रै महिना सञ्चालन हुने अवस्थामा ल्याइने भएको छ। पालिकाभित्रका मुख्य बजार केन्द्रको रूपमा रहेका फेदी, नागँडाडा, ढिकुरपोखरी, काँडे, लुम्ले, नयाँपूल, बिरेठाँटी, घान्द्रुक, तिखेढुङ्गालगायतका स्थानमा स्थानीय समुदायको सहभागितामा शहरी सेवा सुविधा विस्तार गरिने अध्यक्ष कुँवरले जानकारी दिनुभयो। मानव विकासका लागि प्राविधिक सीपसहितको गुणस्तरीय शिक्षा सार्थक बनाउका लागि शिक्षा क्षेत्रमा लगानी वृद्धि गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। कोभिड-१९ महामारी र दैविक प्रकोपका कारणले पठनपाठनमा सिर्जना भएको अवरोधलाई दृष्टिगत गरेर सम्भव भएसम्म भर्चुअल कक्षा सञ्चालन, अनलाइन शिक्षा तथा टेलिभिजन एवं रेडियोमार्फत दूर तथा वैकल्पिक शिक्षा कार्यक्रमबाट अध्ययन अध्यापनको लागि पहल गरिने जनाइएको छ। सङ्घीय सरकारबाट खोप खरिदको लागि अनुमति प्राप्त भएमा खोप खरीदको लागि आवश्यक रकमको कमी हुन नदिई गाउँपालिकाबाट आर्थिक स्रोतको व्यवस्थापन गरी क्रमशः सबै नागरिकलाई खोप लगाउने व्यवस्था मिलाइने उहाँले बताउनुभयो। सङ्घ, प्रदेश सरकार र अन्य गैरसरकारी सङ्घसंस्थासँगको साझेदारीमा 'एक घर एक धारा' कार्यक्रमलाई निरन्तरता दिँदै आगामी वर्षभित्र सबै घरधुरीमा धारा जडान गरिनेछ अध्यक्ष कुँवरले जानकारी दिनुभयो। सार्वनजिक सेवा प्रवाहलाई कागजरहित बनाई विद्युतीय शासन पद्धतिको क्रमशः लागू गर्दै जाने नीति अबलम्बन गरिने नीति तथा कार्यक्रममा भनिएको छ। नेपाल सरकारको सुशासनसम्बन्धी "म भ्रष्टचार गर्दिन, म भ्रष्टचार हुन दिन्न र जनताका लागि इमान्दार भएर काम गर्नेछु" भन्ने प्रतिज्ञासहितको कार्य संस्कृतिको प्रवर्द्धन गर्दै गाउँपालिकाबाट हुने सबै सेवा छिटो, छरितो र भ्रष्टचाररहित तुल्याउँदै भ्रष्टाचारमा शून्य सहनशीलता कायम गरिने जनाइएको छ।

युवाहरूको क्षमता विकास र सशक्तीकरणका साथ उत्पादनमूलक कार्य र आयआर्जनका कार्यक्रम सञ्चालन गरिने अध्यक्ष कुँवरले जानकारी दिनुभयो। कोरोनाका कारण वैदेशिक रोजगार गुमाएर नेपाल फर्किएका युवाहरूलाई अवसरको रूपमा उपयोग गर्दै उनीहरूको अनुभव सीप क्षमताको समुचित प्रयोग गरी उनीहरूलाई उत्पादनमा आधारित कृषि, पशुपालन, पर्यटन, निर्माण, उद्योग र साना घरेलु उद्योगमा आधारित कार्यमा सहभागी गराई रोजगारका अवसर सिर्जना गरिने छ।

# गण्डकी प्रदेशमा जग्गा चक्लाबन्दीलाई निरन्तरता, कृषि एम्बुलेन्स सञ्चालन गरिने

– कृष्ण दवाडी
पोखरा, १ असार (रासस)

गण्डकी प्रदेश सरकारले कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धिलाई प्राथमिकतामा राखेको छ। प्रदेश प्रमुख सीताकुमारी पौडेलले सोमबार प्रदेशसभामा प्रस्तुत गर्नुभएको सरकारको आगामी आर्थिक वर्ष २०७८/७९ को नीति कार्यक्रममा कृषिको आधुनिकीकरण गरी स्वरोजगारका अवसर सिर्जना तथा खाद्य सुरक्षाको प्रत्याभूतिमा जोड दिएको छ।

सरकारले स-साना टुक्रामा विभाजित जमिनको एकीकरण गरी सामूहिक खेती गर्ने जग्गा चक्लाबन्दी कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिएको हो। जग्गा चक्लाबन्दीका आधारमा व्यावसायिक कृषि फार्म सञ्चालन गर्न प्रोत्साहन गर्ने र ठूलो क्षेत्रफलमा एकै किसिमको व्यावसायिक उत्पादन गर्ने सरकारको योजना छ।

आव २०७६/७७ देखि प्रदेशमा चक्लाबन्दी कार्यक्रम शुरुआत भएको थियो। पहिलो वर्ष एक हजार ६८५ रोपनी जमिन चक्लाबन्दी गरिएकामा चालू आवमा दुई हजार ५७२ रोपनी जमिन चक्लाबन्दी गरेर सामूहिक खेती शुरु गरिएको भूमि व्यवस्था कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालयलका भूमि स्रोत नक्साङ्कन महाशाखा प्रमुख गङ्गालाल पोखरेलले जानकारी दिनुभयो। उहाँका अनुसार गण्डकी प्रदेशका अधिकांश जिल्लामा यस कार्यक्रम सञ्चालन गरिएको र कृषकको आकर्षण बढेको छ।

गण्डकी प्रदेशको २१ लाख ९७ हजार ३६८ हेक्टर जमिनमध्ये चार लाख ८७ हजार ५७८ हेक्टर जमिन मात्र खेतीयोग्य रहेको छ। कूल खेतीयोग्य जमिनमा तीन लाख ७० हजार ५५९ हेक्टरमा हाल खेतीबाली लगाउने गरिएको छ। सरकारले स्थानीय तहमा उत्पादित कृषि उपज तथा वस्तुलाई बजारसम्म पुऱ्याउन तथा उत्पादित वस्तुलाई खेर जान नदिन कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्न स्थानीय तहसँग सहकार्यको योजना अघि सारेको छ। कृषि एम्बुलेन्स सेवा शुरुआतसँगै कृषकले उत्पादन गरेका उपजलाई सहजरूपमा बजारसम्म लैजान सहयोग पुग्नेछ। कृषि स्रोत केन्द्रहरूको सुदृढीकरण गरी मुख्य-मुख्य तरकारी तथा फलफूल बालीको बेर्ना उत्पादन, खाद्यान्न बालीको स्रोत बीउ उत्पादन र व्यावसायिक कीट उत्पादन कार्यलाई जोड दिने र मुख्य तथा रैथाने खाद्यान्न बालीहरूको बीज वृद्धिलाई विशेष प्राथमिकता दिइने कार्यक्रममा उल्लेख छ। यसैगरी बालबालिका, महिला, ज्येष्ठ नागरिकको खाद्य तथा पोषण सुनिश्चितताका लागि करेसाबारी तथा घरबगैंचा कार्यक्रमलाई निरन्तरता, रैथाने तथा स्थानीय बालीलगायत मौलिक उत्पादनको प्रवर्द्धन र उपयोग, दलहन तथा तेलहन बालीको उत्पादनलाई प्रवर्द्धन र विद्यालयमा दिइने दिवा खाजासमेतमा स्थानीय उत्पादनको प्रयोग गर्ने सरकारको कार्यक्रम छ। मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषिगाउँ कार्यक्रमलाई परिमार्जन गरी प्रभावकारी कार्यान्वयन, शितोष्ण फलफूलको उत्पादन वृद्धि गर्न उच्च पहाडी तथा हिमाली क्षेत्रका उपयुक्त 'क्लष्टर'मा स्याउ, ओखर बगैंचा स्थापना, विस्तार तथा बजारीकरण, सबै स्थानीय तहमा माटो परीक्षण शिविर सञ्चालन गरी माटोको गुणस्तर क्रमशः सुधार गर्दै लैजाने कार्यक्रम छ। नेपाल सरकारसँगको सहकार्यमा 'डिजिटल स्वयल म्यापिङ'लाई प्रदेशमा कार्यान्वयन गर्ने र माटोको उत्पादकत्व बढाउन माटोमा प्राङ्गारिक पदार्थ र कार्बनको हिस्सा वृद्धि गर्ने योजना नीति कार्यक्रममा समेटिएको छ।

नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा रासायनिक मलको आपूर्तिका लागि आवश्यक व्यवस्था मिलाउने, दिगो कृषि प्रणालीको विकास गर्न प्राङ्गारिक मलको उत्पादन र उपयोगलाई प्राथमिकताका साथ अघि बढाउने भएको छ। स्थानीय तहसँगको सहकार्यमा बाँझो जग्गाको लगत तयार गरी त्यस्ता जग्गालाई उपयोग गरी कृषिजन्य उत्पादन वृद्धि गर्न बाँझो जग्गामा व्यावसायिक खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनको योजना छ। खेतीयोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउन नयाँ पूर्वाधारहरूको निर्माण तथा पुराना आयोजनाको मर्मतसम्भार र स्तरोन्नति, कृषि सेवाका प्राविधिकहरूको क्षमता अभिवृद्धि गरी स्थानीयस्तरमा प्रभावकारी प्राविधिक सेवा प्रवाहमा सहजीकरण गर्ने योजना छ। किसानलाई विश्वविद्यालय र अनुसन्धान केन्द्रका विज्ञसँग आबद्ध गर्ने, किसान सूचीकरण अभियानलाई सफल बनाउने, स्थानीय तहसँगको सहकार्यमा डिजिटल प्रविधिको प्रयोग गरी कृषिसम्बन्धी सूचना तथा तथ्याङ्क अद्यावधिक गर्ने प्रणाली विकास गरिने नीति कार्यक्रममा समेटिएको छ। व्यावसायीकरणको उच्च सम्भावना भएका स्थानीय तहमा मुख्य एक कृषि उपज उत्पादन, बजारीकरण तथा व्यावसायीकरणको लागि आवश्यक पर्ने प्राविधिक तथा आर्थिक सहयोग गर्ने, उपजको बजारीकरणका लागि शीतभण्डार, चिस्यान केन्द्र, प्रशोधन केन्द्र, पशु बधस्थल, कृषि बजार स्थापना सहयोग कार्यक्रमलाई निजी क्षेत्रसँगको सहकार्यमा निरन्तरता दिने सरकारको योजना छ। दूध तथा दुग्धजन्य पदार्थको प्रवर्द्धन गर्न प्रादेशिक दुग्ध नीति तर्जुमा, गाईपालनमा आधुनिक प्रविधि ल्याएर प्रदेशलाई दुग्ध पदार्थमा आत्मनिर्भर, उच्च उत्पादन क्षमता भएका उन्नत नश्लका गाईभैँसीको सङ्ख्यात्मक तथा गुणात्मक बढोत्तरी गर्न पशु नश्ल सुधारसम्बन्धी कार्यक्रम तथा पाडी बाच्छी हुर्काउन प्रोत्साहन र रेबिज रोगको सङ्क्रमण शून्य गराउन विशेष कार्यक्रम सञ्चालनको योजना छ।

स्थानीय नश्लका पशुपक्षीको आनुवांशिक स्रोतको संरक्षण, प्रवर्द्धन र उपयोगलाई निरन्तरता, मासुका लागि लिमे भैँसी र दूध उत्पादनका लागि पार्कोटे भैँसीको संरक्षणको कार्यक्रम सरकारको छ। स्थानीय तहसँगको सहकार्यमा प्रत्येक वडामा पशु तथा कृषि प्राविधिक स्वयंसेवक परिचालन, माछा उत्पादनमा आत्मनिर्भर बन्न मत्स्य स्रोत केन्द्र स्थापना तथा स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा मत्स्य ह्याचरी स्थापना गरी कृषकस्तरमा माछाका भूरा उपलब्ध गराइने योजना अघि सारिएको छ। नेपाल सरकारसँग समन्वय गरी गरिब घरपरिवारको पहिचान, गरिबी न्यूनीकरण गर्न सहकारी, कृषि, लघुउद्यम, पर्यटन तथा पूर्वाधार विकास क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउने, प्रदेश सरकारको लगानी र कार्यक्रमको प्रतिफल समुदायसम्म विस्तार गरी गरिबी न्यूनीकरणमा जोड दिन निजी, सहकारी एवं गैरसरकारी क्षेत्रसँग सहकार्य गरिने प्रस्तुत नीति कार्यक्रममा उल्लेख छ।

# कालीगण्डकी उर्लिएपछि पर्वतको सेतीवेणीबजार डुवानमा

पोखरापत्र संवाददाता
पर्वत, १ असार

लगातार परेको अविरल वर्षाका कारण विश्वकै ठूलो शालिग्राम शिला र त्यस क्षेत्रका बजार डुवानमा परेको छ। पर्वत, स्याङजा र गूल्मीको सिमानामा पर्ने पर्वतको विहादी गाउँपालिका-६ सेतीवेणीमा रहेको स्याङ्जातर्फको बजार डुवानमा परेको हो।

कालीगण्डकीमा पानीको सतह २८ वर्ष यताकै उच्च विन्दुमा पुगेपछि शिला र बजार पूर्णरूपमा डुवानमा परेको स्थानीय तीलक पराजुलीले जानकारी दिनुभयो। उहाँका अनुसार बिहान चार बजेदेखि बजार क्षेत्र डुवानमा पर्न थालेपछि १० घर विस्थापित बनेका छन्। दश घरपरिवार र उनीहरूको पसलमा रहेका सामान र मानिसलाई सुरक्षित स्थानमा सारिएको उहाँले बताउनुभयो।

बजार र शिला डुवानमा परेसँगै उक्त स्थानका वासीन्दा आतङ्कीत बनेका छन्। नदीको बहाब उर्लिएर बजार क्षेत्रमै आइपुगेपछि व्यावसायीसुरक्षित स्थानमा सामान सार्न थालेका छन्। शालिग्राम शिला र शालिग्राम क्षेत्रका सत्तललगायत सबै संरचनासमेत डुबाएको छ। बजारवासीलाई संरक्षणका लागि बनाएको तटबन्ध र ग्याबीयनसमेत पानीले पुरिएपछि शिलामा दर्शन गर्न जाने पूर्वाधार पनि पूर्णरूपमा क्षति पुगेको उनले बताउनुभयो। यता पानीको बहाब ह्वात्तै बढेपछि स्थानीयवासी रातभर जाग्राम बसेका थिए। कालीगण्डकी र सेती खोला दुवैको बहाब उच्च हुँदा समस्या भएको हो। पानी नरोकिएकाले अझै जोखिम बढ्ने अवस्था छ। मुलुककै सबैभन्दा ठूलो कालीगण्डएकी 'ए' जलविद्युत् आयोजनाको बाँधका कारण बाढी आउँदा पर्वत, स्याङ्गजा र गुल्मी जिल्लाको सिमानामा पर्ने सेतीवेणीबजार डुबानको खतरामा पर्ने गरेको छ। सेतीवेणीबजार डुबानको खतरा बढेपछि पर्वतमा पर्ने बजार क्षेत्र र स्याङ्गजातर्फको बजार क्षेत्रमा झण्डै २०० व्यापारी तथा सर्वसाधरण समस्यामा पर्ने गरेका छन्। विगत ११ वर्षअघि कालीगण्डकी र सेतीखोला उर्लेर आउँदा तीन दर्जन घरपरिवार विस्थापित बनेका थिए। विसं २०६६ असोज २१ मा बजार क्षेत्र नै डुबानमा परेको घटनाले उनीहरूमा सधैँभर त्रास थप्ने गरेको स्थानीय व्यावसायी विष्णु न्यौपानेले बताउनुभयो।

कालीगण्डकीमा पानीको सतह बढेपछि कालीगण्डकी 'ए'को बाँधका सबै ढोका खोल्न लगाइएको प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीले जानकारी दिनुभयो। उहाँका अनुसार सुरक्षा निकायले स्थानीयलाई सुक्षित ठाउँमा राख्न प्रयास गरेको छ।

# दोर्दीखोलाले बगायो दुई घर

पोखरापत्र संवाददाता
लमजुङ, १ असार

आइतबारदेखि निरन्तर परेको वर्षापछि मंगलबार आएको दोर्दीखोलाको बाढीले दुई घर बगाएको छ। दोर्दी गाउँपालिका -८ हिलेबजारका चतुरे विक र कन्या तामाङको घर आज साँझ सो खोलाको बाढीले बगाएको हो।

खोलामा पानीको बहाव बढिरहेको र नजीकै भएकाले ती घर बगेका हुन्। घर बगाएपछि बैँसीशहर नगरपालिका वडा नं. ११ चिती प्रहरीचौकीका पाँच प्रहरी त्यसतर्फ जाँदै गरे पनि बाटो अप्ठ्यारो र पानी निरन्तर परिरहेकाले पुग्न समस्या भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक जनकराज रेग्मीले बताउनुभयो।

त्यस्तै सोही खोलाले दोर्दी-६ कृतिपुरका कृष्ण घलेको कृषि फार्मसमेत बगाएको जानकारी प्राप्त भएको प्रहरी निरीक्षक रेग्मीको भनाइ छ। जिल्लामा विभिन्न स्थानमा खोला नजीकै र जमीन कच्चा भएको स्थानका दर्जनौं घर जोखिममा रहेको प्रहरीले जनाएको छ। जिल्ला प्रशासन कार्यालयले समेत आज सूचना जारी गर्दै मर्स्याङ्दी र दोर्दी गाउँपालिका तथा बैँसीशहर, सुन्दरबजार र राइनास नगरपालिका भएर बग्ने मर्स्याङ्दी नदीमा पानीको बहाव बढिरहेकाले नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउनका साथै आसपास शाखा नदी कमजोर भिरालो जमीन क्षेत्रका बासिन्दालाई सुरक्षितसँग बस्नलाई आग्रह गरेको छ।

यतिबेला जिल्लाका मर्स्याङ्दी नदी तथा दोर्दी, किसेदी, रिस्ती, मिदिम खोलालगायत दर्जनौं खोलामा समेत पानीको बहाव वृद्धि भइरहेको छ। वर्षा हुने क्रम जारी रहेकाले स्थानीयवासी त्रसित छन्। कतिपय घरका बासिन्दा भने सुरक्षित स्थानमा बसेका छन्। आज मात्र जिल्लामा विभिन्न भौतिक संरचनामा क्षति पुगेको छ।